म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४१ बुधबार, १७ पुस २०८१ ने. सं. ११४५ पहिलाथ्व 1 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्तन क्यान्सरका लक्षणहरू**

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## 'प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन संविधान संशोधन'

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ नेपाली कांग्रेसका महामन्त्री तथा पूर्वमन्त्री गगनकुमार थापाले प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन पनि संविधान पुनरावलोकन हुनुपर्ने बताएका छन् ।

संविधान संशोधन गरेर प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाइने थापाको भनाई छ । 'प्रदेशका दिनुपर्ने अधिकार संघीय सरकारले दिएको छैन । सबै अधिकार केन्द्रमा राखिएको छ । अधिकार तल जाला की भनेर बाटोबाटोमा गौंडा थापिएको छ' उनले भने, 'संघीयतामा जाने अनि प्रदेश र स्थानीय तहलाई अधिकार नदिने भन्ने हुँदैन । अधिकार तल पठाउनका लागि संविधान संशोधन गर्नुपर्छ ।' उनले भने ।



हेटौंडामा मंगलबार ४९ औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अबसरमा आयोजित सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री थापाले पुनरावलोकनबाट प्रदेश र स्थानीय तहलाई प्रभावकारी बनाउन चाहेको बताउँदै संविधान संशोधनका विषयमा अनावश्यक भ्रम फैलाइएको आरोप लगाए । कांग्रेस-एमालेको नेतृत्वमा माओवादी र मधेशवादी दलको सम्झदारीमा संविधान पुनरावलोकन हुने उनको भनाई छ । बिग्रिएका र देखिएका सबै समस्या समाधानका लागि संविधान संशोधन आवश्यक रहेको औंल्याएका छन् ।

'संविधानको पुन:लेखन गर्छौं । संविधानलाई समयसमयमा पुनरावलोकन गर्नुपर्छ । सोचेको र भइरहेको बीचमा फरक के छ ? भनेर हेर्छौं । संविधानका विषयमा माओवादी र मधेशवादी दलबीच छलफल गरेर समझदारीमा अगाडि बढ्छौं' उनले भने । समावेशिता, लोकतन्त्र, संघीयता, गणतन्त्र, बहुजाति, बहुधर्मका सामूहिकताका विषयमा संविधान संशोधन हुन नसक्ने पनि उनले स्पष्ट पारे ।

महामन्त्री थापाले कानुनबाटै बाँध्नुपर्ने भन्दै सरकारको आकार र बजेटको सीमालाई संविधानमै उल्लेख गर्नुपर्ने पनि बताए । 'संविधानले २५ भन्दा बढी मन्त्रालय बनाउन नपाइने नभनेको भए अहिले ५० जना जति मन्त्री हुन्थे । त्यसैले संविधान, कानुनबाटै बाँधिनुपर्छ' थापाको जोड छ । बजेटको सीमा निर्धारणका सम्बन्धमा पनि संविधान पुनरावलोकन हुने उनको भनाई छ ।

'२, ५ लाखको योजना सहरी मन्त्रालयले राखेको छ । यो बजेट संघ सरकारले राख्नु हुँदैन भन्छु । हाम्रो प्राथमिकता नै भएन । प्राथमिकताअनुसार काम गर्न संघीयतामा गयौं, व्यवहारमा गरेनौं' उनले भने । निर्वाचन प्रणालीमाथि पनि पुनरावलोकन हुनुपर्ने उनको भनाई छ । बहुमत ल्याउने पार्टीलाई ५ वर्ष सरकार चलाउने व्यवस्था गर्नुपर्ने थापा बताउँछन् ।

नेता थापाले कांग्रेस जहिल्यै मेलमिलापको नीतिमा रहेको दाबी गरे । थापाले बिपि र गणेशमानहरु मृत्युदण्डको मुद्दा बोकेर नेपाल फर्किएको प्रशङ्ग निकाल्दै दक्षिण एसियाका देशहरु विभाजित भइरहेको घटनाबाट नेपाललाई बचाउन पर्छ भनेर उनीहरु स्वदेश फर्किएको अवस्थालाई मेलमिलाप दिवसका रुपमा मनाइएको उनको भनाई छ । २०७२ को संविधान निर्माण, शान्तिसम्झौता कांग्रेसको मेलमिलाप नीतिबाट सम्भव भएको उनको दाबी छ ।

'२०७२ को संविधान बनाउँदा अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेस र एमाले मिल्दा दुईतिहाइ पुग्छ, माओवादी सडकमै रहोस् भनेको हो । तर, कांग्रेसले मानेन । माओवादीलाई पनि सँगै लैजानुपर्छ भनेर मेलमिलापको नीति लिइएको थियो' थापाले भने, 'माओवादी द्वन्द्व अन्त्य गर्दै गिरिजा प्रसाद कोइराला नेतृत्वको सरकारमा शान्तिसम्झौता गरेर मेलमिलापको नीति लिएको हो । हामी नेपालको ठूलो र मूल शक्ति हो ।'

१५ औं महाधिवेशनका बारेमा धेरै कुरा गरिरहन आवश्यक नभएको थापाले बताए । 'महाधिवेशन समयमा हुन्छ । महाधिवेशनको चिन्ता अहिले छोडौं, समयमै हुन्छ । बरु कसले नेतृत्व लिन्छ भनेर अहिलेदेखि सोचौं' उनले भने । देशभित्र एउटा उकुसमुकुस र छट्पटी रहेको थापाले औंल्याए । 'कांग्रेसले अँध्यारोबाट उज्यालोमा ल्यायो, हिंसाबाट देशलाई बाहिर निकाल्यो, अन्यायपूर्ण पर्खाल भत्कायो अब विकास चाहिएको छ भनेर जनता भनिरहेका छन् । विकासको नेतृत्व कांग्रेसले लिनुपर्छ भनेर देशले भनिरहेको छ' उनी भन्छन् ।

कार्यक्रममा कांग्रेस बागमती प्रदेशसभापति ईन्द्रबहादुर बानियाँले इच्छाले नभई राजनीतिक स्थायित्व र जनताको निराशालाई चिर्न अहिलेको गठबन्धन बनेको बताए । कांग्रेस र एमालेको सरकार पनि टिक्न नसक्दा व्यवस्था माथि संकट पैदा हुने उनको भनाई छ । सभापति बानियाँले अहिलेको सरकारले नराम्रो काम नगरेता पनि राम्रो काम पनि केही गर्न नसकेको बताए । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा पार्टीका पूर्वसभापतिहरु, पार्टीमा योगदान पुऱ्याएका अग्रजहरुलाई सम्मान गरिएको थियो ।

## मनहरीमा ७२ वर्षीया रुम्बाको ज्यान लिने बाघ नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा घाँस काट्न गएकी महिलाको ज्यान लिने बाघलाई मंगलबार साँझ नियन्त्रणमा लिइएको छ ।

चारवटा हात्ती र चितवन तथा पर्सा राष्ट्रिय निकुञ्चको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृत अवस्थामा आइतबार राति करिब १० बजे घर नजिकैको बारीमा भेटिएकी थिइन् । बाघले सोमबार बिहान बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको थियो । दुईवटा घटनापछि बसन्तपुरबासी त्रसित बनेका थिए ।

मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालका अनुसार १५ पुस सोमबार दिउँस २ बजेबाट बाघको खोजीका लागि निकुञ्ज शुरक्षार्थ मनहरी गाउँपालिका-३ लामिटार वेशबाट खटिएको नेपाली सेनाको ४ वटा हात्ती सहितको टोली, चितवन राष्ट्रिय निकुञ्जबाट खटिएको बाघ नियन्त्रण प्राविधिक टोली ४ जना र पर्सा राष्ट्रिय निकुञ्जको टोलीले बाघलाई नियन्त्रणमा लिन सफल भएको हो ।

घटना भएको क्षेत्रमै बाघ रहेको पाइएको छ । बाघलाई खोजी गर्ने क्रममा आज साँझ ७ बजेको समयमा मनहरी-५ बसन्तपुरस्थित सुकौराखोलामा एम्बुस थापेर बन्दुकबाट लट्याउने सुई लगाई (डार्ट प्रविधि)द्वारा नियन्त्रणमा लिइएको डिएसपी अर्यालले जानकारी दिए । बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज लगिएको छ ।

मनहरीमा बाघ, हात्ती लगायतका वन्यजन्तुको आतंक विगतदेखि नै छ । ४ महिनाअघि मात्रै मनहरी-६ प्रतापुरमा भैंसीले बाघ मारेको थियो । गत ५ भदौमा मनहरी-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो ।

चितवन राष्ट्रिय निकुञ्जको पूर्वीक्षेत्र मध्यवर्ती वनसँग मनहरी जोडिएकाले यहाँ हरेक वर्ष वन्यजन्तुको आक्रमणले जनधनको क्षति हुँदै आएको छ । स्थानीयले वन्यजन्तुको जोखिम न्युनीकरणका लागि तारबार लगाएर बस्ती क्षेत्रको संरक्षणको माग गर्दै आए पनि राज्यले ध्यान दिएको छैन । मनहरीको पश्चिम क्षेत्रमा पटक-पटक हात्तीले पनि क्षति गर्ने गरेको छ ।

मनहरी गाउँपालिकाको हेटौंडा उपमहानगरसँग सीमा जोडिएको पूर्वीक्षेत्र पर्सा राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । पर्सा निकुञ्जबाट आएका वन्यजन्तुले पनि मनहरी-१ देखि ४ नम्बर वडा र हेटौंडाको १२,१३,१४ नम्बर वडामा आंतक मच्याउँदै आएका छन् ।

## बालश्रम अन्त्य हुनुपर्छ: मन्त्री महर्जन



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले समृद्धिका लागि बालश्रम अन्त्य हुनुपर्ने बताएका छन् । मंगलबार हेटौंडामा आयोजित बालश्रम अन्त्यका लागि निजीक्षेत्रको भूमिकासम्बन्धी छलफलमा बोल्दै मन्त्री महर्जनले बालश्रम अन्त्य नभएसम्म समृद्धि हासिल गर्न नसक्ने बताएका हुन् ।

मन्त्री महर्जनले पछिल्लो समय गरिबीका कारण मात्रै बालश्रम नहुने बताए । बालबालिका बालश्रममा लाग्नुको मुख्य कारण परिवारिक कलह, अशिक्षा, विद्यालय टाढा हुनु लगायतले पढाइ छोडेर बालश्रममा लाग्ने गरेको बताए । यसरी समाजमा भएका बालश्रम अन्त्य गर्नका लागि प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले नीतिगत ढंगबाट अघि बढ्न बालबालिकासँग सरोकार राख्ने संघसंस्थासँग छलफल गरेर अघि बढ्ने मन्त्री महर्जनले बताए ।

उनले भने, 'परिवारमा कलह भएकै कारण बालबालिकाले पढाई छाड्ने गरेका छन् । प्राय:जसो कलह आर्थिक अभावका कारण हुनेगरेको उदाहरण थुप्रै छन् । जसकारण आर्थिक उपार्जन गर्ने क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयले नीति बनाएर अघि बढ्छ ।' मन्त्री महर्जनले बालश्रम अन्त्य गर्नका लागि प्रदेशका अन्तर मन्त्रालयको सम्बन्ध कायम राख्न जरुरी रहेको र आफूहरुले सामाजिक विकास र उद्योग मन्त्रालयसँग सहकार्य गर्ने प्रतिवद्धता समेत जनाए । विद्यार्थीको विद्यालय टाढा भएकै कारण विद्यालय छोड्नेक्रम बढेको उनले बताए ।

दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशका अध्यक्ष प्रकाश खतिवडाले बालश्रम अन्त्यका लागि सबैको सहयोग आवस्यक रहेको बताए । श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा स्वतन्त्रता अभियान नेपाल, दिगो विकास लक्ष्यका लागि नागरिक मञ्च र राष्ट्रिय बालसंरक्षण सञ्जालको सहकार्य रहेको थियो ।

श्रम मन्त्रालयमा सचिव बलराम निरौलाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा मन्त्री महर्जनको प्रमुख आतिथ्यता रहेको थियो भने बालबालिकासँग सरोकार राख्ने विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

## जनप्रियका विद्यार्थीलाई न्यानो स्वीटर

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/हेटौंडा उपमहानगरपालिका-१६ हटिया चिसापानीमा रहेको जनप्रिय माध्यमिक विद्यालयमा अध्ययनरत बिपन्न तथा जेहेन्दार विद्यार्थीलाई सत्य साईकेन्द्र केन्द्रीय विभागले ३५ थान न्यानो स्विटर र टोपी बितरण गरेको छ ।

विभागका केन्द्रीय सदस्य उत्तम थापाले विद्यार्थीलाई स्विटर बितरण गरेका हुन् । बितरण समारोहमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद वस्ताकोटी, सदस्य ईन्द्रप्रसाद खतिवडा, प्रधानाध्यापक भुपेन्द्र चौलागाईं, अतिरिक्त तथा सास्कृतिक बिभाग संयोजक युक्तलाल बिश्वकर्मा, बालसम्पर्क शिक्षक कृष्णप्रसाद अधिकारीको उपस्थिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# अर्ब मागदा १० करोड भुक्तानी

कुनैपनि बिपत्तिबाट हुनसक्ने सम्भाबित नोक्सानीबाट राहत पाउनका लागि बीमा गरिन्छ । बीमा गरेका ब्यवसायीले आफ्नो ब्यवसायमा कुनै कारणबस भएको क्षतिको बिवरण पेश गरी बीमा मागदाबी गर्छन् । त्यही मागदाबीलाई भरिफाइ गरेर बीमा कम्पनीले भुक्तानी दिने गरेको छ । तर, नेपालमा बीमा मागदाबी अधिक गर्ने बिधि, प्रकक्रिया झण्झटिलो, अब्यवहारिक रहेको गुनासो आइरहेको छ । यसैको ज्वलन्त उदाहरण हो गएको बाढीले गराएको क्षतिको मागदाबी भुक्तानी । गत असोजको १० देखि १२ गतेको बाढीपहिरोले पुर्‍याएको क्षतिको बीमा मागदाबीमा मकवानपुरले १० करोड मात्रै पाएको छ । क्षतिको कुल १ अर्ब बढी मागदाबी भएकोमा १० करोड ३१ लाख रुपैयाँ मात्रै भुक्तानी भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले जनाएको छ । प्राधिकरणकाअनुसार बाढी–पहिरोका कारण भएको क्षतिबाट निर्जीवन बीमातर्फ देशभरिबाट करिब १३ अर्ब रुपैयाँ बराबर बीमा मागदाबी परेको थियो । जसमध्ये मकवानपुरबाट १ अर्ब १६ करोड ६२ लाख रुपैयाँ मागदाबी भएको हो ।

संख्यागतरुपमा मकवानपुरबाट ३५ वटा मागदाबी भएकोमा ११ वटाको मात्रै भुक्तानी भएको हो । थोरै रकमको मात्रै मागदाबी भुक्तानी भएको छ । असोजको बाढी–पहिरोले मुलुकको अर्थतन्त्रमा ४७ अर्ब रुपैयाँ बराबर आर्थिक क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणको प्रारम्भिक तथ्यांक छ । ३६७६ दाबीमार्फत् १२ अर्ब ८८ करोड ९३ लाख ६१ हजारको मागदाबी प्राप्त भएको छ । जसमध्ये ११ पुससम्म १ हजार ७ सय २० मागदाबीको १ अर्ब ५२ करोड १८ लाख ९ हजार बराबर दाबी भुक्तानी भएको हो । प्रदेशगत हेर्दा बागमती प्रदेशमा ठूलो क्षति पुगेको बीमा मागदाबी तथ्यांक्ले देखाउँछ । करिब १३ अर्ब रुपैयाँको मागदाबी परेकोमा बागमतीमा मात्रै ११ अर्ब २७ करोड ५५ लाख बराबर छ । बागमतीमा ३२०९ मागदाबी परेकोमा १५०५ मागदाबीको १ अर्ब ३९ करोड ८० लाख भुक्तानी भइसकेको छ । बागमतीका १३ जिल्लामध्ये सबैभन्दा धेरै क्षति काठमाडौंमा भएको छ । त्यसपछि ललितपुर र मकवानपुरमा भएको तथ्यांक छ । बागमती प्रदेशकै भक्तपुर र काभ्रेपलाञ्चोकमा पनि मागदाबी उच्च देखिएको छ । उपत्यका बाहिरका काभ्रेपलाञ्चोकलगायत जिल्लाका ग्रामीण क्षेत्रमा बढी क्षति भए पनि बीमा न्यून भएका कारण मागदाबी कम देखिएको बीमा कम्पनीहरुले जनाएका छन् । काठमाडौं उपत्यकामा सहरी क्षेत्रमा नै क्षति भएका कारण काठमाडौं, ललितपुर र भक्तपुरमा उच्च मागदाबी देखिएको छ । मकवानपुरमा हाइड्रोपावरमा समेत क्षति पुग्दा त्यसले मागदाबी उच्च देखिएको हो । भीमफेदी गाउँपालिकामा रहेको माण्डु हाइड्रोपावरमा बाढीले क्षति पुर्‍याएको थियो । मकवानपुरपछि कोशी प्रदेशको पाँचथरमा पनि हाइड्रोपावरमा क्षति पुग्दा मागदाबी उच्च देखिएको छ ।

प्रारम्भिक मागदाबी पेस गर्दा उच्चरकम देखिए पनि बीमा सर्भेयरले क्षतिको यकिन विवरण तयार गर्दा मागदाबी भन्दा धेरै न्यून हुने गरेको छ । करिब १३ अर्बको मागदाबी भए पनि बीमा सर्भेयरले गएर क्षतिको यकिन विवरण दिँदा त्यसको एक चौथाइ पनि नदेखिने गरेको बीमा कम्पनीहरुको दाबी छ । सोही कारण मागदाबी र दाबी भुक्तानी भएको रकममा ठूलो अन्तर देखिने गरेको उनीहरुको तर्क छ । यसपालि बीमा कम्पनीले दाबी भुक्तानीका लागि आवश्यक कागजातमा सहजीकरण गर्दा समेत मागदाबी गर्नेले आवश्यक कागजात पेस गर्न ढिलाइ गर्दा दाबी भुक्तानी ढिलो भएको उनीहरु बताउँछन् । यद्यपि, बीमा कम्पनीले दाबी भुक्तानीलाई प्राथमिकतामा राखेको उनीहरुको तर्क छ । यसपालि साना–साना क्षतिको विवरण पनि धेरै आएकाले सानो रकमको मागदाबी गर्नेले कागजात जुटाउन समय लगाउँदा दाबी भुक्तानीमा समय लागेको जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १८ गते बिहीबार २ जनवरी २०२५ । तृतीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारबाट फाइदा हुनेछ | तुला | : सामाजिक काममा रुचि बढ्नेछ |
| वृष | : मन प्रशन्न हुने देखिन्छ | वृश्चिक | : यात्रामा कष्ट मिल्नेछ |
| मिथुन | : नयाँ काम गर्न जागर आउनेछ | धनु | : त्रासमय दिन हुनेछ |
| कर्कट | : बोल्दा विचार पुर्‍याउनु पर्नेछ | मकर | : खानपिन राम्रो हुनेछ |
| सिंह | : पढाइमा सहयोग मिल्नेछ | कुम्भ | : शरीरमा बाधा पुग्न सक्नेछ |
| कन्या | : रिसाउने बानीले हानि पुग्नेछ | मीन | : मन पर्ने उपहार पाइने योग छ |

# मेरिटोक्रेसीबाट आउने कर्मचारी



✍ डा.डिजन भट्टराई

नेपालको सार्वजनिक प्रशासनमा अवलम्बन भइरहेको मेरिटोक्रेसी के जनताले अपेक्षा गरेको सेवा प्रवाहसँग आवद्ध हुनसकेको छ ? के सार्वजनिक प्रशासनमा मेरिटोक्रेसी भनेको पढाइमा ट्यालेन्ट हुनु र राम्रो परीक्षा लेख्ने सामर्थ्य राख्ने मात्रै हुनु हो ? के लोकसेवा आयोगले लिएको परीक्षामा सफल सबै जना उत्कृष्ट हुन् र ? सबैको आस्था र विश्वासको केन्द्रको रूपमा रहेको लोकसेवा आयोग निष्पक्ष, तटस्थ र उच्च आदर्श कायम गर्न सक्षम संस्था हो, तर के यसले मेरिटमा छनोट गरेका कर्मचारीमा जनताले अपेक्षा गरेका मूल्यहरू कायम छन् ? यो आम प्रश्न हो । विद्यमान अवस्थामा निजामती कर्मचारीद्वारा प्रदान गरिएको सेवाले जनता अपेक्षित रूपमा सन्तुष्ट भएको पाइँदैन ।

त्यसैले जनतालाई ट्यालेन्ट र सामर्थ्यवान् मात्रै होइन, उच्च नैतिक, व्यावसायिक, प्रजातान्त्रिक र मानवीय मूल्यले युक्त, जनमैत्री र जनताका दु:ख–सुखप्रति संवेदनशील कर्मचारी चाहिएको छ । मेरिटोक्रेसीलाई पढाइमा ट्यालेन्ट र राम्रो परीक्षा लेख्ने कलासँग मात्रै आवद्ध गरिनुहुन्न । यसका पनि नवीन आयामको खोजी गरिनुपर्छ । त्यसैले यसका लागि संसद्मा छलफल भइरहेको निजामती सेवा सम्बन्धी विधेयकमा आवश्यक व्यवस्था गरिनुपर्छ ।

**थोरै सेवा प्रवेश बिन्दु**

सेवा प्रवेश बिन्दु धेरै हुँदा कार्यसम्पादन भन्दा अध्ययनमा नै कर्मचारीहरू बढी केन्द्रित हुने भएकाले सेवा प्रवाहमा प्रत्यक्ष असर परेको हालसम्मको अनुभवले देखाउँछ । सेवा बिन्दु धेरै हुँदा थोरै मात्रै कर्मचारी चाँडै माथिल्लो पदमा पुग्ने र सँगै प्रवेश गरेको धेरै कर्मचारी तल्लो पदमा नै रहने हुँदा उनीहरूमा हीनताबोध उत्पन्न हुन पुग्छ, त्यसले कार्यसम्पादनमा गम्भीर असर पुर्‍याउँछ । त्यसैले सेवा प्रवेश बिन्दु जति कम राख्यो त्यति नै सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि हुन्छ । संसद्मा छलफल भइरहेको संघीय निजामती सेवा ऐनमा सेवा प्रवेश बिन्दु देहाय अनुसार हुनुपर्छ भन्ने सुझाव छ:

कार्यालय सहयोगी लगायतका पदहरू (१–३ तह) कायम रहनुपर्छ । १ तहमा (सामान्यत: करार) मा नियुक्त गरिन्छ । करारमा पनि राम्रो काम गर्ने कर्मचारीलाई कार्यालय प्रमुखले निश्चित मापदण्डका आधारमा तह वृद्धि गरी तलबमान बढाउन सक्ने प्रावधान राख्न सकिन्छ । सहायक स्तर (४–७ तह, विभिन्न पदनाम हुनसक्छन्) कायम रहनुपर्छ । ४ तह (खरिदार) मा सेवा प्रवेश गर्ने र बढुवा भएर ८ (शाखा अधिकृत) तहसम्म पुग्न सक्ने व्यवस्था रहनुपर्छ । माथिल्ला तहमा बढुवा हुँदा मेरिटोक्रेसीमा आधारित विधिबाट हुने प्रणालीको निर्माण गरिनुपर्छ ।

अधिकृतस्तर (८–१५ शाखा अधिकृत – मुख्य सचिव, तह) राख्नु उपयुक्त हुन्छ । सेवा प्रवेश बिन्दु ८ (शाखा अधिकृत) तहमा राख्ने र त्यसभन्दा माथि मेरिटोक्रेसीमा आधारित बढुवा विधिबाट हुने प्रणालीको निर्माण गरिनुपर्छ ।

**मेरिटोक्रेसीका नवीन आधारमा बढुवा प्रणाली**

सेवा प्रवेश बिन्दुभन्दा बाहेकका पदहरूमा मेरिटोक्रेसीको नवीन आयामका रूपमा कार्यसम्पादन, ट्यालेन्सी र जनताको सेवालाई केन्द्रबिन्दुमा राखी वृत्ति–विकासको आधार तय हुने प्रणालीको निर्माण गरिनुपर्छ ।व्यक्तिगत सूचना प्रणालीमा प्रत्येक वर्षको कार्यसम्पादन मूल्यांकन प्रणाली र अन्य विविध मूल्यांकन प्रणालीको एकमुष्ट तथ्यांक प्रविष्टि गर्ने र देहायका सूचकहरूको मूल्यांकनका आधारमा खाली भएका माथिल्ला पदहरूमा स्वत: बढुवा हुने प्रणालीको विकास गरिनुपर्छ । कर्मचारीको बढुवा गर्दा मेरिटोक्रेसीका देहायका आधार, मापदण्ड र विधिलाई संघीय निजामती सेवा ऐनमा राखिनु उपयुक्त हुन्छ ।

१. परीक्षा प्रणालीमा बढुवाको २५ प्रतिशत अंकभार रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसले सबै कर्मचारीलाई नियमित रुपमा अध्ययनशील बनाउन भूमिका खेल्छ । लोकसेवा आयोगद्वारा नै सञ्चालन हुने यस लिखित परिक्षा १०० पूर्णाङ्कको हुनुपर्छ । ४० अंक प्राप्त भएपश्चात् उत्तीर्ण हुने व्यवस्था राखिनुपर्छ । उत्तीर्ण हुन योग्य प्राप्तांक आएपश्चात् त्यसलाई कर्मचारीको बढुवा प्रयोजनका लागि निर्माण गरिएको व्यक्तिगत सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गरिनुपर्छ ।

२. कार्य सम्पादन मूल्यांकन प्रणालीमा बढुवाको २५ प्रतिशत अंकभार रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ । प्रत्येक कर्मचारीको कार्यसम्पादन करार सम्झौता अनिवार्य गर्ने र उक्त करार सम्झौतामा प्राप्त अंक नै उसको कार्यसम्पादन मूल्यांकनको अंक हुनुपर्छ । यसलाई उक्त पदमा हरेक वर्ष प्राप्त हुने सम्पूर्ण अंकको एभरेज गणना गरिनुपर्छ ।

३. कार्य अनुभवलाई बढुवाको २० प्रतिशत अंकभार रहने व्यवस्था गरिनु उपयुक्त हुनेछ । यसका लागि प्रत्येक वर्षको २.५ नम्बरका दरले २० अंकसम्म पाउने व्यवस्था गरिनुपर्छ ।

४. तालिमलाई बढुवाको ५ प्रतिशत अंकभार रहने व्यवस्था गरिनु उपयुक्त हुन्छ । स्टाफ कलेजले सबैलाई अनिवार्य तालिम दिने प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ । यसमा तालिममा प्रथम श्रेणी प्राप्तलाई ५ अंक, द्वितीय श्रेणी प्राप्तलाई ३ अंक र तृतीय श्रेणी प्राप्तलाई १ अंक दिने व्यवस्था लागू गर्नुपर्छ । यसले तालिमको प्रभावकारिता र संवेदनशीलतालाई बढाउँछ । यस तालिमलाई उल्लिखित नवीन मूल्यहरूको विकास गर्ने उपयुक्त अवसरका रूपमा विकास गरिनुपर्छ ।

५. शैक्षिक योग्यतालाई बढुवाको १० प्रतिशत अंकभार रहने व्यवस्था गरिनु उपयुक्त हुन्छ । अधिकृतको हकमा पीएचडीलाई १० अंक, स्नातकोत्तर ८ अंक र स्नातक तह ६ अंक प्रदान गर्ने र उक्त अंकमा प्रथम श्रेणीलाई पूरा अंक, द्वितीय श्रेणीलाई १ अंक कम र तृतीय श्रेणीलाई २ अंक कम दिने व्यवस्था गरिनुपर्छ । सहायक कर्मचारीको हकमा निजको पदीय हैसियत अनुसार शैक्षिक योग्यताको अंक दिने प्रणाली मिलाउन सकिन्छ । यसले निजामती सेवामा प्रतिभावान् जनशक्तिलाई आकर्षण गर्न, टिकाइराख्न र थप अध्ययन गर्न उत्प्रेरित बनाइरहन्छ ।

६. दुर्गम भेगमा सेवा प्रवाह गर्ने कर्मचारीलाई बढुवाको १० प्रतिशत अंकभार रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ । जसमा 'क' क्षेत्रलाई प्रति वर्ष २ अंक 'ख' क्षेत्रलाई प्रतिवर्ष १ अंक 'ग' क्षेत्रलाई अंक नदिने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

यस सन्दर्भमा सामान्यत: क क्षेत्र भन्नाले हिमाली जिल्ला र काठमाडौंबाट टाढाका पहाडि जिल्ला पर्नेछन् भने ख क्षेत्र भन्नाले काठमाडौं उपत्यकका र प्रदेश राजधानी भन्दा बाहिरका जिल्लाहरू रहने छन् । ग क्षेत्र भन्नाले काठमाडौं उपत्यका र प्रदेश राजधानीलाई जनाउने छ । यस व्यवस्थाले दुर्गम क्षेत्रमा काम नगरी कसैको पनि बढुवा हुन नसक्ने भएकाले दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीको अभाव हुने छैन र दुर्गम क्षेत्रका जनताले प्रभावकारी सेवा प्राप्त गर्नेछन् ।

७. मूल्यांकनको अन्य विधिलाई बढुवाको लागि ५ प्रतिशत अंकभार रहने व्यवस्था हुनुपर्छ । यस विधिमा सुपरीवेक्षक, सहकर्मी, मातहतका कर्मचारीले निजको आचरण, प्रदर्शन गर्ने व्यवहार, समूहगत कार्यसम्पादन शैली लगायतका आधारमा मूल्यांकन गर्नुपर्छ । निश्चित विधि र मापदण्डमा रही गोप्य रुपमा मूल्यांकन गर्ने र निजहरूले दिएको अंकभारलाई विशेष सूत्रको प्रयोगले ५ अंकभारमा रूपान्तरण गरी तत्कालै व्यक्तिगत सूचना प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाइनुपर्छ । प्रणालीले स्वचालित रूपमा प्रत्येक वर्ष पाएको प्राप्तांकको एभरेज गणना हुनुपर्छ ।

माथि उल्लिखित विधि लोक सेवा आयोगद्वारा निर्माण भएको प्रणालीमा स्वचालित रूपमा गणना भई वर्षको दुई पटक सरकारको मागका आधारमा सिफारिस गर्ने व्यवस्था हुनुपर्छ । यसका लागि कर्मचारीको निजामती किताबखानामा रहेको व्यक्तिगत सूचना व्यवस्थापन प्रणाली, नेपाल सरकारले निर्माण गरेको हरेक कर्मचारीद्वारा प्रत्येक दिन सम्पादित कार्यको प्रगति मूल्याङ्कन हुने कार्यसम्पादन मूल्यांकन प्रणाली र लोकसेवा आयोगले कर्मचारी बढुवाका लागि निर्माण गरेको प्रणाली एकआपसमा आवद्ध हुनु जरूरी हुन्छ ।

**निजामती सेवामा श्रेणीगत कि तहगत प्रणाली**

निजामती सेवालाई हाललाई श्रेणीगत र तहगतको हाइब्रिड मोडलमा नै लैजानु उपयुक्त हुन्छ । त्यसैले अंकका आधारमा भन्दा पनि एउटा श्रेणीभित्र सामान्यत: पदनाम सहितको तह राखिनु उपयुक्त हुन्छ । ४ तहलाई खरिदार, ५ तहलाई नायब सुब्बा, ६ तहलाई सुब्बा, ७ तहलाई सहायक अधिकृत, ८ तहलाई शाखा अधिकृत, ९ तहलाई सहायक सचिव, १० तहलाई उपसचिव, ११ तहलाई वरिष्ठ उपसचिव १२ तहलाई सहसचिव, १३ तहलाई अतिरिक्त सहसचिव, १४ तहलाई सचिव र १५ तहलाई मुख्य सचिव पदनाम राखिनु उपयुक्त हुन्छ ।

हाल विधेयकमा प्रस्ताव नभएको सहसचिव र सचिव पदका बीचमा किन अर्को पद जरूरी छ भन्ने प्रश्न पनि उठिरहेको छ । विद्यमान व्यवस्थामा विभागका महानिर्देशक, उपमहानिर्देशक, काठमाडौं, ललितपुर जिल्लाका सिडियो तथा रोल्पा, जुम्ला लगायत जिल्लाका सिडियो, प्रदेशका सचिव तथा मन्त्रालयका महाशाखा प्रमुख सबै सहसचिव छन् । यी पदहरूको कार्य जिम्मेवारी र हैसियतमा ठूलो अन्तर छ ।

त्यसैले सहसचिवहरूबीच शक्तिशाली पदमा जानका लागि चर्को प्रतिस्पर्धा हुने गरेको पनि देखिन्छ । त्यसले प्रशासनमा राजनीतीकरण हुने वातावरण बनेको छ । त्यसैले हाल सहसचिवको दरबन्दी भएको तर कम जिम्मेवारी ठानिएका स्थानमा सहसचिव र हालको सहसचिवको महत्वपूर्ण जिम्मेवारी ठानिएका स्थानमा अतिरिक्त सचिवको दरबन्दी राख्ने व्यवस्था गरिए यस प्रकारका अवाञ्छित प्रतिस्पर्धालाई न्यूनीकरण गर्न सकिन्छ । यसले प्रशासनमा व्यावसायिकता वृद्धि गर्न सहयोग पुग्छ । त्यसका साथै सचिवको संख्या कटौती गरी मन्त्रालयमा मात्र सीमित राख्न सके सचिवको गरिमा अझ बढ्न सक्छ । त्यसका साथै आवश्यकता अनुसार मन्त्रालयमा अतिरिक्त सचिव राख्न सकिन्छ ।

पदसोपानमा वृद्धि हुन जाँदा निर्णयको तह पनि बढ्ने भई सेवा प्रवाहमा झनै ढिलाइ हुन सक्ने अवस्थालाई निर्माण भइरहेको संघीय निजामती सेवा ऐनले स्पष्ट रूपमा सम्बोधन गर्नुपर्छ । त्यसका लागि अधिकार प्रत्यायोजन, जिम्मेवारी र उत्तरदायित्वलाई थप स्पष्ट र पारदर्शी बनाउनुपर्छ । हरेक पदमा कार्यविवरण र कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन, प्राप्त अधिकार र जिम्मेवारीको प्रभावकारी र उत्तरदायी उपयोग गर्ने प्रणालीलाई दण्ड र पुरस्कारसँग आवद्ध गर्नु गराउनुपर्छ । आफूलाई प्राप्त अधिकारको प्रयोग नगर्ने पदाधिकारी र अधिकारको प्रत्यायोजन नगरेका कारणले लागतमा अतिरिक्त बढोत्तरी र सेवा प्रवाह जटिल बन्न जाने अवस्था दुवैलाई उच्च निगरानीमा राख्नु जरूरी छ ।

समग्रमा, राष्ट्र र जनताको बृहत्तर हित, समन्याय र समावेशीकरण, कानुनको शासन, मानवअधिकारको पूर्ण प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेही, इमानदारी, राजनीतिप्रतिको तटस्थता, शासन प्रणाली र जनताप्रतिको प्रतिवद्धता, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त र जनमुखी प्रशासन, कार्यशैलीमा दक्षता र व्यावसायिकतालाई अभिवृद्धि हुने गरी मानवीय, नैतिक, व्यावसायिक र प्रजातान्त्रिक मूल्यप्रति उच्च निष्ठामा आधारित प्रशासन नै आजको नवीन शासकीय मान्यताका सापेक्षतामा निर्माण हुनुपर्ने सार्वजनिक प्रशासन हो ।

*(साभार: अनलाइनखबर)*

# अनलाइन हिंसाबाट संकटमा बालबालिका चुनौतीपूर्ण न्याय

✍ गोविन्द खड्का

आजको डिजिटल युगमा, अनलाइन प्लेटफर्महरूले बालबालिकाका लागि अनगिन्ती अवसर र सम्भावनाहरू खोलिदिएका छन् । तर यसका साथै, यिनै प्लेटफर्महरूले बालबालिकाहरूलाई अनलाइन यौन दुर्व्यवहार जस्ता खतरनाक समस्यासँग पनि सामना गराइरहेका छन् । अनलाइन यौन दुर्व्यवहारको सामना गरिरहेका बालिकाहरूको कथा कुनै एक परिवारको मात्र होइन । सामूहिक समस्या हो । यस लेखमा एक विशेष बालिकाको कथा मार्फत यस्ता दुर्व्यवहारबाट जुध्न र पुन: स्थापना गर्नका लागि गरिने प्रयासहरू र यो यात्रा कति कठिन छ भन्ने कुरा दर्साउन खोजिएको छ ।

**बालिकाको अनुभव**

'राधिका' (नाम परिवर्तन गरिएको) एक १४ वर्षीया किशोरी हुन । उनीसँग व्यक्तिगत मोबाइल छ । घरमा इन्टरनेट पनि छ । बुवाआमाले मोबाइल धेरै हरेको मन पराउदैनन् । तर, पढ्नका लागि मोबाइल आवश्यक हुन्छ भनेर उनी मोबाइल साथै राख्छिन् । पढ्दा पनि मोबाइल चलाइ रहन्छिन् । कक्षा ९ मा पढ्ने राधिका मोबाइल चलाउँदा चलाउँदै एक अपरिचित पुरुषसित फेसबुकमा जोडिइन्रु। बिस्तारै हेलो हाई कुरा हुन थाल्यो । सुतेपछि झन् कुरा बाक्लियो । राती अबेरसम्म मायाप्रेमका कुरासम्म हुन थाले । च्याटको कुराकानी भिडियो कलसम्म पुग्यो ।

राधिकाले कुरा गर्ने युवा उनले बताए अनुसार २४ बर्षका थिए । कुरा हुन थालेको ६ महिनापछि ती युवाले राधिकालाई भिडियोमै टिसर्ट खोलेर छाती देखाउन भने । राधिकाले त्यसै गरिन । ती युवाले नांगो फोटो मागे राधिकाले त्यो पनि पठाइन । भेट भने भएको थिएन । राधिकालाई एक दिन ती युवाले बोलाएर यौन प्रस्ताव राख्यो । राधिका डराइन्, र उनले यस विषयमा अरूसँग कुरा गर्न सकिनन् । अझ गम्भीर कुरा त के भने, ती व्यक्तिले राधिकाको व्यक्तिगत जानकारी संकलन गर्दै, उनलाई धम्की दिन थाल्यो कि 'यदि उनले आफ्नो प्रस्ताव नमाने भने ती जानकारी सार्वजनिक गरिनेछ ।' राधिका मानसिक रूपमा अति नै तनावमा थिइन् । राधिकाको आत्मसम्मान र विश्वास गहिरो रूपमा ह्रास भएको थियो ।

**परामर्श, न्याय, र पुन: स्थापना प्रक्रियामा कठिनाइ**

राधिका र उनको परिवारले अनलाइन यौन दुर्व्यवहारको बारेमा थाहा पाएपछि, सबैभन्दा पहिले प्रहरीलाई जानकारी दिनुथियो । प्रहरीलाई जानकारी दिइयो । तर, यस प्रक्रियामा राधिकाका लागि धेरै कठिनाइहरू आए । अनलाइन प्लेटफर्महरूमा भएको अपराधको पहिचान गर्न र प्रमाण जुटाउन कठिनाइ प्रहरीलाई कठिनाइ भयो । युवाले नक्कली आइडी बनाएर कुरा गरेका थिए । अनुसन्धानको प्रक्रिया ढिलो भयो ।

मानसिक रुपमा विक्षिप्त हुँदै गएकी राधिकाले लामो हिंसामा परेको ६ महिनापछि मात्रै घरमा दिदीलाई कुरा खोलेकी थिइन, दिदी मार्फत परिवारको जानकारीमा आएको थियो । बिस्तारै उनको कुरा समाजमा पुग्यो । त्यसले झन् राधिकालाई सहज भन्दा असहज भयो । यौन हिंसामा परेका व्यक्तिहरूलाई परामर्श, न्याय, र पुन: स्थापना प्रक्रियामा विभिन्न कठिनाइहरूको सामना गर्नुपर्छ । राधिकाले पनि त्यसको सामाना गरिन । मानसिक र शारीरिक आघातका कारण उपचारमा कठिनाइ भयो । समाजमा कलंक र अपमानको सामना गर्दा सामाजिक समर्थनको अभावले परिवारलाई समस्या भयो ।

राधिकाका लागि पुन: स्थापना प्रक्रिया आफैमा एउटा कठिन यात्रा थियो । परिवार र साथीहरूको निरन्तर समर्थनले उनलाई सशक्त बनाउन मद्दत त गर्‍यो । तर, सजिलो भएन । बाल अधिकार र अनलाइन सुरक्षा बारेको चेतनाको अभाव भएका राधिका जस्तो समस्या हिंसामा पर्ने हरेक बालिकाले भोग्नुपर्छ । यस्ता बालिकाहरूलाई सहानुभूति र मनोवैज्ञानिक सशक्तीकरणबाट मात्र उनीहरूलाई बलियो बनाउन सकिन्छ । जुन कुरा भइरहेको छैन।

यसका साथै, समुदायको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । राधिका जस्तै अन्य बालिकाहरूलाई सशक्त बनाउनका लागि, विद्यालय, समाज, र सरकारहरूले बाल अधिकार र अनलाइन सुरक्षा सम्बन्धी शिक्षा प्रदान गर्नु पर्छ । यो प्रकारको हिंसा विरुद्ध अभियानहरू र कानुनी सहयोग प्रदान गर्नु पर्छ ।

**कानुनी उपाय र न्यायको माग**

संविधानको मौलिक हकअन्तर्गतको धारा ३९ ले कुनै पनि बालबालिकामाथि कुनै पनि माध्यमबाट शारीरिक या मानसिक यौनजन्य दुर्व्यवहार गर्न नपाइने उल्लेख छ । आफूमाथि भएको यौनशोषणबारे बालबालिकाले हिंसा हो भनेर बुझेका छैनन्, अभिभावकहरू चासो राख्दैनन् । त्यसकारण अनलाइन बाल यौन हिंसा बढिरहेको छ । विद्युतीय कारोबार ऐन २०६३ अनुसार सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर, प्रोफाइल खोलेर बेइज्जत गर्ने तथा दु:ख दिने, इमेलमार्फत जथाभाबी धम्की दिने तथा नगद माग गर्ने, विभिन्न किसिमका नग्न तस्बिरमा व्यक्तिको अनुहार जोडी इन्टरनेटमा राख्ने, अनलाइनबाट धम्कीपूर्ण सन्देश पठाउनेजस्ता क्रियाकलाप अपराध हुन् । ऐनअनुसार यस्ता अपराधलाई १ लाखसम्म जरिवाना र ५ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ ।

ऐनमा पीडितले ३५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने प्रावधान छ । अधिकांश पीडित ढिलो उजुरी दिन आउने हुँदा दोषीलाई कारबाहीको दायरामा ल्याउन मुस्किल हुने प्रहरीको दाबी छ । यस्ता घटनालाई सार्वजनिक हुनै नदिने, भइहालेमा उजुरीपश्चात् पीडक–पीडितबीच आर्थिक लेनदेनमा मिल्ने प्रवृत्तिले गर्दा हिंसापीडित बालबालिकालाई न्याय दिलाउन समस्या भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । नेपालको कानुनी प्रणालीले अनलाइन यौन दुर्व्यवहार विरुद्ध कडा कानुनी उपायहरू अपनाएको छ। २०७५ सालमा पारित "सूचना प्रविधि ऐन" ले अनलाइन अपराध र साइबर अपराधका लागि स्पष्ट कानुनी दायरासम्म प्रबन्ध गरेको छ। यस ऐनको धारा ४७ मा अनलाइन यौन दुर्व्यवहारलाई अपराधका रूपमा मान्यता दिएको छ र दोषीलाई कडा सजायको प्रावधान गरिएको छ । नेपालमा अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकाको पुन:स्थापनाका लागि कानुनी व्यवस्था केही प्रमुख धारामा आधारित छन्।

**सुरक्षा सम्बन्धी कानुनी र चुनौतीपूर्ण तथ्यांक**

बालबालिका अधिकार ऐन, २०७५: यस ऐनले बालबालिकाको शारीरिक र मानसिक सुरक्षा सुनिश्चित गर्ने अधिकार सुनिश्चित गरेको छ । अनलाइन यौन दुर्व्यवहारका सिकार भएका बालबालिकालाई उपचार, परामर्श, र सुरक्षित वातावरणमा राख्नको लागि प्रावधान छन् । यस ऐनमा अनलाइन अपराधका लागि दण्डको प्रावधान छ, जसमा यौन उत्पीडन वा बलात्कार सम्बन्धी सामग्रीको साझा गर्नु, बाल यौन शोषणका दृष्यहरू निर्माण वा वितरण गर्नु जस्ता क्रियाकलापलाई रोक्नको लागि कानुनी कडाइ गरिन्छ । बाल यौन शोषण र दुर्व्यवहार रोकथाम ऐन, २०६३ पनि छ । यस ऐनले बाल यौन शोषण र दुर्व्यवहारका घटनाहरूलाई कडा रूपमा दण्डित गर्दछ। अनलाइन शोषणको घटनामा संलग्न व्यक्तिहरूलाई दण्ड दिने प्रावधान छ ।

पुन:स्थापनाका उपायहरूहरु ऐनमा व्यवस्था गरिएका छन् । पीडित बालिकाको मानसिक र शारीरिक उपचारका लागि सरकारी र गैर सरकारी संस्थाहरूले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छन् । बालिका पुन: स्थापना केन्द्रहरू, परामर्श सेवाहरू, र परिवारलाई सहयोग दिने प्रावधानहरू छन् । नेपालमा यस्ता कानुनी प्रावधानहरू भए तापनि कार्यान्वयनमा चुनौतीहरू छ । अनलाइन प्लेटफर्महरूमा हुने यौन दुर्व्यवहारका घटनाहरूको उचित ट्र्याकिङ र नियन्त्रण गर्न कानुनी प्रावधानहरूलाई अझ प्रभावकारी बनाउन जरुरी देखिन्छ । प्रहरीको तथ्यांक अनुसार राधिकाजस्तै अनलाइन यौन दुर्व्यवहार खेप्ने बालबालिकाको अवस्था र तथ्यांक डरलाग्दो छ । आर्थिक वर्ष २०७६–७७ मा १३ वटा, २०७७–७८ मा २१, २०७८–७९ मा १६, २०७९–८० मा १५, २०८०–८१ मा ६ र चालु आर्थिक वर्षमा अहिलेसम्म ६ वटा मात्रै उजुरी दर्ता भएका छन् । यद्यपि, वास्तविक घटनाहरू अझ बढी हुनसक्छन्, किनकि धेरैजसो घटनाहरू रिपोर्ट हुँदैनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

२०२४ मा नेपाली खेलकुद :

# पारालिम्पिकमा ऐतिहासिक पदक, क्रिकेट विश्वकपमा पुनरागमन







काठमाडौं/२०२५ लाई स्वागत गर्दै गर्दा सबै क्षेत्रमा सन् २०२४ को समीक्षा पनि चलिरहेको छ । सन् २०२४ मा नेपाली खेलाडीले थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरे । तीमध्ये केहीले उपलब्धी हासिल गरे भने केही सहभागितामै सीमित भए ।

क्रिकेटमा पुरुषको सिनियर टिमले १० वर्षपछि टी-२० विश्वकप र यू-१९ टोलीले ८ वर्षपछि एकदिवसीय विश्वकप यसै वर्ष खेल्यो । यसैगरी, यू-१९ महिला टिमले पनि एसिया क्षेत्रको उपाधि जित्दै २०२५ मा हुने यू-१९ महिला टी-२० विश्वकपमा स्थान बनायो ।

पेरिस ओलम्पिक र पेरिस पारालिम्पिक पनि यही वर्ष भयो । पलेशा गोवर्धनले पारालिम्पिकमा ऐतिहासिक कांस्य पदक जितिन् । यसबाहेक भलिबल फुटबल र अन्य विभिन्न खेलकुदमा नेपाली खेलाडीहरूले सहभागिता जनाए । विभिन्न पदकहरू प्राप्त गरे । वर्ष २०२४ मा नेपालले अन्तर्राष्ट्रिय खेलकुदमा प्राप्त गरेका मुख्य उपलब्धीहरू यस्ता छन् ।

**क्रिकेटमय वर्ष**

सन् २०२४ नेपाली क्रिकेटका लागि निकै सुखद रह्यो । नेपालको सिनियर टोलीदेखि उमेर समूहका टोलीहरूले ऐतिहासिक उपलब्धिसहित अन्य प्रतियोगितामा सफल प्रदर्शन गरे । नेपालको पुरूष राष्ट्रिय टोलीले १० वर्षपछि टी-२० विश्वकपमा सहभागिता जनायो । समूह चरणबाट अगाडि बढ्न नसके पनि नेपाली क्रिकेट टोलीको प्रदर्शनबारे विश्वव्यापी चर्चा भएको थियो ।

नेपालले समूह चरणमा नेदरल्यान्ड्स, दक्षिण अफ्रिका र बंगलादेशसँग प्रतिस्पर्धा गरेको थियो । श्रीलंकासँगको खेल वर्षाले प्रभावित बनाए पनि नेपालले विश्वको टपमध्येको टिम दक्षिण अफ्रिकासँग पहिलोपटक खेल्यो । ऐतिहासिक जित हासिल गर्नबाट निकै झिनो अन्तरले चुक्दै नेपाल दक्षिण अफ्रिकासँग १ रनले पराजित भयो । अन्य खेलमा पनि नेपालले शानदार बलिङ प्रदर्शन गर्दै राम्रो चुनौती प्रस्तुत गरेको थियो ।

त्यसैगरी, नेपालको यू-१९ पुरूष टोलीले पनि आठ वर्षपछि विश्वकप खेलेको थियो । नेपालले समूह चरणका एक खेल जितेको थियो भने सुपर सिक्समा कुनै पनि जित हात पार्न सकेन । यद्यपि, नेपालको प्रदर्शन राम्रो रहेको थियो । महिला क्रिकेटतर्फ पनि नेपालका लागि ऐतिहासिक उपलब्धि प्राप्त गर्ने वर्ष रह्यो २०२४ । नेपालको यू-१९ महिला क्रिकेट टोलीले विश्वकप एसिया छनौट जित्दै २०२५ मा हुने आइसीसी महिला टी-२० विश्वकपमा स्थान बनाउन सफल भयो ।

निकै लयमा देखिएको महिला यू-१९ क्रिकेट टोलीले यसै वर्षको अन्त्यमा यू-१९ टी-२० एसिया कप पनि खेलेको थियो जहाँ पाकिस्तानलाई पराजित गर्दै सुपर फोरमा स्थान बनाएको नेपाली टोली फाइनलमा भने पुग्न सकेन । महिला सिनियर टोलीले पनि एसीसी प्रिमियर कप क्रिकेट खेलेको थियो जहाँ सेमिफाइनलसम्मको यात्रा तय गर्दै तेस्रो भयो र टी-२० एसिया कपका लागि छनौट भयो ।

यसै वर्ष भएको टी-२० एसिया कपमा नेपालले भारत र पाकिस्तानसँग खेल्ने अवसर पाएको थियो । यद्यपी, समूह चरणबाट अगाडि भने बढ्न सकेन । यसैवर्ष पुरूषको यू-१९ टोलीले एसिया कप पनि खेलेको थियो जहाँ नेपालले समूह चरणमा एक खेल मात्र जित्दा त्यहाँबाट अगाडि बढ्न सकेन ।

पुरूष टोलीले पहिलो पटक हङकङ सिक्सेस प्रतियोगितामा सहभागिता जनाएको थियो, जहाँ अस्ट्रेलिया र इंग्ल्यान्डको टिमलाई नेपालले पराजित गरेको थियो । क्वार्टरफाइनलमा श्रीलंकासँग पराजित भएको नेपाल प्लेट सेमिफाइनलमा यूएईसँग पराजित भयो ।

त्यसैगरी, पुरूष टोलीले एसीसी प्रिमियर कप खेलेको थियो जहाँ समूह चरणमा राम्रो प्रदर्शन गरे पनि सेमिफाइनलमा भने चिर परिचित प्रतिद्वन्दी यूएईसँग पराजित हुँदै लगातार दोस्रोपटक एसिया कप खेल्नबाट भने चुक्यो ।

नेपालको सिनियर टोलीले २०२४ मा वेस्ट इन्डिज 'ए' सँग ऐतिहासिक घरेलु टी-२० शृंखला पनि खेल्यो । वेस्ट इन्डिजको कुनै पनि टोली नेपाल आएको त्यो पहिलोपटक नै थियो । शृंखलामा नेपाल ३-२ ले पराजित भए पनि उक्त शृंखलाले नेपालको टी-२० विश्वकप सहभागिता अघिको तयारीमा ठूलो मद्दत गर्‍यो ।

त्यस्तै, सन् २०२४ मा नेपालले आइसीसी विश्वकप क्रिकेट लिग-२ मा कुल तीनवटा एकदिवसीय शृंखला गरी १२ खेल खेलेको थियो । फेब्रुअरीमा नेपालमै भएको नामिबिया र नेदरल्यान्ड्ससँगको शृंखलामा नेपालले चारमध्ये एक खेल जितेको थियो भने सेप्टेम्बरमा क्यानडामा भएको ओमान र क्यानडासँगको शृंखलामा कुनै पनि खेल जित्न सकेन । त्यसलगत्तै भएको स्कटल्यान्ड र अमेरिकासँगको शृंखलामा नेपालले एक खेल मात्र जित्न सक्यो । सोही शृंखलाहरूमा नेपालले टी-२० आई पनि खेलेको थियो । अमेरिकामा भएको टी-२० शृंखलामा भने नेपाल क्लिन स्वीप नै गर्न सफल भयो ।

**भलिबलमा सफल वर्ष**

वर्ष २०२४ पनि नेपाली भलिबलका लागि ऐतिहासिक वर्ष बन्यो । अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको पाँचवटै प्रतियोगितामा नेपालको टिमले पदक जित्न सफल भयो । त्यसमा पनि २०२४ मा काभाको दुई अन्तर्राष्ट्रिय प्रतियोगिता नेपाल आफैँले आयोजना गर्‍यो । नेपालले यस वर्ष काभाको चार नयाँ प्रतियोगितामा खेल्यो । जसमा नेपाली टिमले च्याम्पियन बन्नेदेखि कम्तीमा शीर्ष तीनमा पर्न सफल भयो ।

यस वर्ष नेपालले सुरुमा काभा वुमन्स नेसन्स लिग आयोजना गरेको थियो । जसमा नेपालले भारतलाई लिग चरणमा पराजित गर्दै सनसनी मच्चाएको थियो । तर, फाइनलमा अन्तिम सेटमा भारतसँग नै पराजित हुँदा उपाधि जित्ने सपना पूरा हुन सकेन ।

यसैगरी, पहिलोपटक आयोजना भएको काभा महिला भलिबल क्लब च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गरेको नेपाल पुलिस क्लबले अपराजित रहँदै उपाधि जित्यो । यसैगरी, घरेलु कोर्टमा भएको पुरुषतर्फको काभा मेन्स भलिबल क्लब च्याम्पियनसिपमा नेपालको हेल्प नेपाल स्पोर्ट्स क्लब उपविजेता बन्यो । नेपालबाट हेल्प नेपाल र गण्डकी प्रदेश दुई टिमले सहभागिता जनाए, पनि गण्डकी सेमिफाइनल पुग्न सकेन ।

हेल्प नेपालले फाइनल अघिसम्म सानदार प्रदर्शन गरे पनि फाइनलमा भारतीय क्लब क्यालिकट हिरोजसँग पराजित हुँदै घरेलु कोर्टमै उपाधि उचाल्ने मौका गुमाएको थियो । यस्तै, काभाले यसै वर्ष महिला र पुरुषको य-२० च्याम्पियनसिप आयोजना गरेको थियो । जसमा नेपाल पनि सहभागी भयो । श्रीलंकामा भएको काभा मेन्स य-२० भलिबल च्याम्पियनसिपमा नेपालले ऐतिहासिक रजत पदक जित्यो । यसैगरी माल्दिभ्समा भएको काभा वुमन्स यू-२० भलिबल च्याम्पियनसिपमा नेपाल तेस्रो हुँदै कांस्य पदक जितेको थियो ।

**फुटबलमा महिला टिमले पाएको चर्चा**

फुटबलका लागि २०२४ पुरानै कथा दोहोरियो । साफ महिला च्याम्पियनसिप फेरि एकपटक घरेलु मैदानमै आयोजना हुँदा नेपाल फेरि उपविजेतामै सीमित भयो । त्यसअघि फेब्रुअरीमा साउदी अरेबियामा भएको वाफ वुमन्स च्याम्पियनसिपमा पनि नेपाल उपविजेता बनेको थियो । तर, पहिलोपटक सहभागिता जनाएको वाफमा नेपालको महिला टिमले सानदार प्रदर्शन गर्दै फाइनल पुगेको थियो । फाइनलमा भने पेनाल्टी सुटआउटमा नेपाल जोर्डनसँग पराजित हुँदा उपाधिनजिक पुगेर पनि निराश बन्यो । तर, यस प्रतियोगिताबाट नेपाली महिला फुटबलले अन्तर्राष्ट्रिय स्तरमा ठूलो चर्चा पायो ।

अक्टोबरमा घरेलु मैदानमा भएको साफ वुमन्सको फाइनलमा यसपटक पनि नेपाल बंगलादेशसँग नै पराजित हुँदा पहिलोपटक साफ महिला च्याम्पियन बन्ने चाहना अधुरै रह्यो । दशरथ रंगशालमा भएको फाइनलमा नेपाल बंगालदेशसँग २-१ ले पराजित भयो । नावग्रस्त सेमिफाइनलमा भारतलाई पेनाल्टी सुटआउट हराएर फाइनल पुगेको नेपाल बंगलादेशसँग फाइनलमा लगातार पराजित भयो । घरेलु मैदानमा पछिल्ला तीन साफ महिला च्याम्पियनसिपमा फाइनल पुगे पनि नेपालले उपाधि जित्न सकेन । उपविजेतामा ह्याट्रिक गर्‍यो ।

फिफा विश्वकप २०२६ र एएफसी एसियन कप २०२७ को संयुक्त छनौटअन्तर्गत दोस्रो चरणमा नेपाल जितविहीन बन्यो । छनौट अन्तर्गत नेपालले २०२४ मा समूह चरणको चार खेल खेलेको थियो । जसमा नेपाल तीन खेलमा पराजित भयो । बहराइनमा खेलिएको होम एन्ड अवे खेलमा नेपाल क्रमश: ५-० र ३-० गोलले पराजित भयो ।

यस्तै, साउदी अरेबियामा भएको यूएईविरुद्धको खेल ४-० ले पराजित भएको नेपालले साउदीमै भएको यमनविरुद्धको अन्तिम खेल २-२ को बराबरीमा टुंग्याएको थियो । छनौटमा नेपालले गोल गरेको त्यही अन्तिम खेल थियो । जसमा कप्तान किरणकुमार लिम्बूले एक सयौं क्याप पूरा गरेका थिए ।

नेपालको पुरुष राष्ट्रिय टिमले नोभेम्बरमा ताजकिस्तानमा दुई मैत्रीपूर्ण खेल खेल्दा मिश्रित नतिजा बन्यो । पहिलो खेलमा घरेलु टोली ताजकिस्तानसँग ४-० ले पराजित भएको नेपालले त्यसपछि अफगानिस्तानलाई २-० ले पराजित गरेको थियो । अन्तर्राष्ट्रिय फुटबलमा सात खेलपछि नेपालको त्यो पहिलो जित थियो । उमेर समूहमा नेपालको फुटबल फेरि कमजोर देखियो । घरेलु मैदानमै भएको साफ यू-२० पुरुष पुटबलको फाइनलमा नेपाल बंगलादेशसँग पराजित भयो ।

महिला र पुरुष दुवैको उमेर समूहमा साफ र एसियालीस्तरमा नेपालको प्रदर्शन कमजोर देखियो । कुनै बेला बलियो रहेको नेपालको उमेर समूहको फुटबल अहिले कमजोर देखिन थालेको छ । ग्रासरुट फुटबल नै कमजोर हुँदा अन्तर्राष्ट्रिय स्तरमा पनि उमेर समूहमा नेपाल चुक्दै आएको छ ।

यस्तै, एसियाली क्लबस्तरमा पनि नेपाली क्लबको प्रदर्शन कमजोर रह्यो । नेपालको लिग च्याम्पियन चर्च ब्वाएइज एएफसी च्यालेन्ज लिगको प्रारम्भिक चरणमै भुटानको पारो एफसीसँग दशरथ रंगशालमा २-१ ले पराजित हुँदा अघि बढ्न सकेन ।

नेपाल महिला फुटबलर भने अन्तर्राष्ट्रियस्तरमा यस वर्ष छाए । महिलातर्फ नेपालको लिग च्याम्पियन हैसियतले एपीएफले पहिलोपटक एएफसी वुमन्स च्याम्पियन्स लिगको छनोट चरण खेल्यो । तर, समूह चरणमा जितविहीन बनेपछि एपीएफ मुख्य समूहमा प्रवेश गर्न सकेन । नेपाली महिला फुटबलर साबित्रा भण्डारी, एन्जिला तुम्बापो सुब्बा र रेखा पौडेल भने विदेशी लिगमा खेलिरहेका छन् ।

**पारालिम्पिकमा पदक**

सन् २०२४ को पारालिम्पिक्समा नेपालकी तेक्वान्दो खेलाडी पलेशा गोवर्धनले ऐतिहासिक पदक जितिन् । २०२४ को सुरूवातमा भएको छनोट चरण पार गरेर पलेशा पारालिम्पिकमा पुगेकी थिइन् । चीनको ताइयानमा भएको पारालिम्पिकको एसियाली छनोटमा स्वर्ण जित्दै पारालिम्पिकमा छनोट भएकी पलेशाले पेरिसमा भएको पारालिम्पिक्समा के ४४ क्याटगोरी अन्तर्गत महिला ५७ केजीमुनि प्रतिस्पर्धामा कांस्य पदक जितिन् । यो नेपाली खेलाडीहरूले ओलम्पिकमा जितेको पहिलो पदक हो ।

फ्रान्सको पेरिसमा भएको ३३औं गृष्मकालीन ओलम्पिकमा भने नेपाली खेलाडीको प्रदर्शन राम्रो हुन सकेन । टेबल टेनिसका स्यान्टु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, जुडोकी मनिता श्रेष्ठ प्रधान, ब्याडमिन्टनका प्रिन्स दाहाल र पौडीका एलेक्स शाह र डुवाना लामा आआफ्नो इभेन्टमा पहिलो चरणबाटै बाहिरिए । एलेक्सले आफ्नो इभेन्टमा राष्ट्रिय कीर्तिमानमा सुधार गर्नुबाहेक पेरिसमा नेपाली खेलाडीको प्रदर्शन बिर्सनलायक रह्यो । महिला म्याराथनमा नेपालकी सन्तोषी श्रेष्ठले ७९औं स्थानमा रहेर दौड पूरा गरिन् ।

**बास्केटबल**

बास्केटबलमा नेपालले २०२४ मा ठूलो प्रतियगिता खेल्न पाएन । तर पुरुषको थ्री एक्स थ्री टिम र महिला राष्ट्रिय टिमले एक-एक अन्तर्राष्ट्रियस्तरको उपाधि भने जित्यो । नेपाली राष्ट्रिय थ्री एक्स थ्री पुरुष बास्केटबल टोलीले 'मे' महिनामा चीनको युनानमा भएको युनान प्रोभिन्स बोर्डर ह्याप्पी भिलेज स्पोर्ट्स कार्निभल थ्री एक्स थ्री बास्केटबल प्रतियोगितामा स्वर्ण पदक जितेको थियो ।

नेपालले गत वर्षको विजेता युनानको प्रोभिन्स टिमलाई प्रतिस्पर्धात्मक फाइनलमा २०-१९ हराउँदै उपाधि जितेको हो । विजय बुर्जाको कप्तानीमा रहेको नेपाली टोलीमा निकेश मगर, मनिस केसी र निश्चल महर्जन थिए भने प्रशिक्षकमा सुशील गुरुङ थिए ।

यसैगरी, यही वर्ष नेपाली महिला बास्केटबल टिमले सिक्किममा भएको स्टेट लेभल बास्केटबल प्रतियोगिताको खुला महिलातर्फ उपाधि जित्यो । अनुशा मल्लको कप्तानीमा रहेको नेपाली महिला टोली गान्तोकस्थित पाल्जोर स्टेडियम कम्प्लेक्सको इन्डोर बास्केटबल कोर्टमा भएको फाइनलमा सिलोङ लाबोटलाई ५९-२७ ले पराजित गर्दै च्याम्पियन बनेको हो । नेपाली टोली नयाँ युवा खेलाडीहरू समावेश भएकोले उनीहरूको लागि अन्तर्राष्ट्रियस्तरमा पहिलो प्रतियोगिता थियो ।

**कराते**

नेपाली करातेकी स्टार खेलाडी एरिका गुरुङ वर्ष २०२४ मा पनि अन्तर्राष्ट्रियस्तरमा छाइन् । करातेको एसियन च्याम्पियनसिपदेखि वर्ल्ड च्याम्पियनसम्म खेलेकी उनले यस वर्ष एसियन च्याम्पियनसिपमा ऐतिहासिक रजत पदक जितिन् । एसियन कराते च्याम्पियनसिपको महिला ६८ केजीमाथि तौल समूहमा एरिका फाइनलमा भियतनामकी नाओन थि नुयेनसंग ६-० ले पराजित भएकी थिइन् ।

एरिकाले १९ औं एसियाडको स्वर्ण विजेतालाई समेत हराएर फाइनल पुगेकी थिइन् । तर, एक दिनपछि फाइनल खेल्दा उनी पराजित भइन् । एरिकाले जितेको रजत कुनै पनि नेपाली कराते खेलाडीले एसियास्तरमा सिनियर करातेमा जितेको पहिलो पदक हो । यसअघि नेपालकी एस्तर राईले सन् २०१८ मा जापानमा भएको एसियाली कराते च्याम्पियनसिपमा यू-२१ उमेर समूहमा कांस्य पदक जितेकी थिइन् ।

यस्तै, दक्षिण एसियाली कराते च्याम्पियनसिपमा स्वर्ण जितिन् । पहिलोपटक वर्ल्ड च्याम्पियनसिपमा सहभागी भएकी उनी पदकसम्म भने पुग्न सकिनन् । २०२३ मा चीनमा भएको १९औं एसियाडमा करातेमा ऐतिहासिक र जत जितेपछि एरिका नेपाली करातेमा नयाँ स्टार बनेर उदायकी थिइन् ।

**न्याफि्टङ**

मार्चमा भारतमा भएको डब्लुआरएफ एसियाली न्याफि्टङ च्याम्पियनसिपमा नेपालले स्वर्ण पदक जितेको थियो । भारतको हिमाचल प्रदेशस्थित सिम्लामा भएको प्रतियोगितामा नेपालले आरएक्स (हेड टु हेड)मा घरेलु टोली भार तलाई नै पछि पार्दै स्वर्णपदक जितेको हो । उक्त स्पर्धामा नेपालले एक सय २० अंक जोड्दै स्वर्णपदक जितेको हो ।

**गल्फ**

गल्फमा पनि वर्ष २०२४ नेपालका लागि ऐतिहासिक रह्यो । नेपालका नम्बर वान एमेच्योर गल्फर सद्भाव आचार्यले फाल्डो सिरिजमा ऐतिहासिक उपलब्धी हासिल गरे ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# 'बेबी जोन'को असफलताले बलिउडलाई दिएको सन्देश: 'अब रिमेक चल्दैन'



काठमाडौं/कोरोना महामारीभन्दा अघिसम्म बलिउडमा रिमेक फिल्म अनगिन्ती बने । केही जोडदार रुपमा सफल पनि भए । धेरैजसो रिमेक फिल्म साउथबाट राइट्स लिएर बनेका थिए । 'तेरे नाम', 'गजनी', 'कबीर सिंह' यसका उदाहरण हुन् । त्योबेला साउथको रिमेक बनाए हिट निश्चित मानिन्थ्यो । तर, कोभिडपछि बनेका साउथका रिमेक फिल्महरु एकपछि अर्को बक्स अफिसमा पिटिएका छन् ।

गत वर्ष (२०२३) साउथ सुपरस्टार अल्लु अर्जुन अभिनीत फिल्म 'अला वैकुण्ठपुररामुलु'को हिन्दी रिमेक 'शहजादा' डिजास्टर बन्न पुग्यो । ६५ करोडमा बनेको फिल्मले मुस्किलले ४० करोड कमायो । २०२४ को जुनमा आएको तमिल फिल्म 'सोरारई पोटरु'को बलिउड रिमेक 'सरफिरा' पनि नराम्रोसित डुब्यो । ८० करोडमा बनेको यो फिल्मले मात्र ३० करोड कमाइ गर्‍यो ।

यतिबेला अर्को साउथ फिल्मको हिन्दी रिमेक पनि डुब्न पुगेको छ । त्यो हो, 'बेबी जोन' । यो फिल्म वर्ष २०१६ मा प्रदर्शन भएको तमिल फिल्म 'थेरी'को रिमेक हो । 'थेरी'कै निर्देशक एटलीले निर्माण गरेको फिल्ममा वरुण धवन शीर्ष भूमिकामा छन् । फिल्मलाई सफल बनाउन केमियोमा सलमान खानलाई समेत राखियो । यसका बाबजुद पनि यो फिल्म बक्स अफिसमा टाँट पल्टिएको छ ।

१८० करोड भारुमा निर्माण भएको फिल्मले प्रदर्शनको ६ दिनमा मुस्किलले ३० करोड कमाएको छ । छैटौं दिन सोमबार २ करोड पनि जोड्न सकेन । फिल्मको व्यापार ६ दिनमै ६० प्रतिशतले घटिसकेको भारतीय मिडियाले जनाएका छन् । यसरी हेर्दा फिल्मले ५० करोड पनि जोड्न नसक्ने देखिन्छ । यसले फिल्मका निर्मातालाई स्तब्ध तुल्याएको छ ।

'बेबी जोन'को असफलताले बलिउडलाई एउटा स्पष्ट सन्देश दिएको छ, 'अब रिमेक फिल्म चल्दैन ।' र, हिन्दी भाषामा स्वरांकन (डबिङ) भएर ओटीटी, युट्युब जस्ता प्लेटफर्महरुमा रिलिज भइसकेका फिल्मको रिमेक बनाउनु आफ्नै खुट्टा बञ्चरो हान्नुसरह हुने सन्देश पनि 'बेबी जोन'ले दिएको छ । अब पनि रिमेक फिल्ममा जोड दिएको खण्डमा बलिउड नै संकटग्रस्त बन्न सक्ने देखिन्छ ।

# 'कार्साङ'मा झाँक्री बनेका दयाहाङ जब आगोको भुङ्गोमाथि नाचे

काठमाडौं/यही पुष २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कार्साङ'मा अभिनेता दयाहाङ राई झाँक्रीको भूमिकामा छन् । ३ हप्ताअघि सार्वजनिक भएको टिजरमा उनलाई ढ्याङ्ग्रो ठटाउँदै आगोको भुङ्गोमाथि नाचिरहेको देख्न सकिन्छ । धेरैले यो प्रविधिको प्रयोग गरिएको 'छल दृश्य' हुनसक्ने आशंका गरेका थिए । तर, दयाहाङले वास्तवमै आफू आगोको भुङ्गोमाथि नाचेको बताएका छन् ।

सोमबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा उनले आगोमाथि नाच्दाको क्षण स्मरण गर्दै भने, 'आगोमा नाच्नुपर्छ भन्ने कुरा स्क्रिप्टमै थियो । मैले चाहिँ चिटिङ गर्ने होला भनेर मतलब गरेको थिइनँ । जब सिन खिच्ने बेला आयो तब मसँग ४/५ जना रियल झाँक्री हुनुहुन्थ्यो । उहाँहरुले एउटा मन्त्र कन्ठ पार्न भन्नुभयो । मैले त्यो मानिनँ । त्यसपछि उहाँहरुले मन्त्र सुनाउनुभयो र म आगोमा छिरेँ । मलाई केही पनि भएन । कपासमाथि उडेको जस्तो लाग्यो ।'

आगोमा नाच्दा क्यारेक्टर नै विर्सिएर आफू रमाएको दयाहाङ स्मरण गर्छन् । 'प्रत्येक चोटी आगोमा जाँदा म क्यारेक्टर नै विर्सिएर हाँस्दो रहेछु । म हाँसेका कारणले ३/४ पटकसम्म टेक नै लिनुपरेको थियो,' उनी सम्झन्छन् । आगोको भुङ्गोमाथि नाच्दा केही नभएपछि उनलाई झाँक्री विद्यामा शक्ति छ भन्ने महसुस भएको रहेछ । यसलाई उनी एउटा अजिब अनुभवको रुपमा लिन्छन् ।

स्क्रिप्ट पढ्ने बेलामा भने झाँक्रीको चरित्र भएकाले दयाहाङ डराएका रहेछन् । 'झाँक्रीको क्यारेक्टर भन्ने वितिक्कै डर लागेको थियो । किनकि, झाँक्रीलाई शक्तिको रुपमा लिइन्छ । यसैले यो क्यारेक्टर गर्दा कसरी कन्भिन्स गराउन सकिन्छ भन्ने चुनौती महसुस भएको थियो । रोचक कुरा चाहिँ के थियो भने हामीले जहाँ छायांकन गर्‍यौं, त्यो पूरै झाँक्रीको गाउँ (यार्सा) हो । उहाँहरुसँग जुन शक्ति छ, त्यो मैले पनि अनुभव गर्न पाएँ,' उनले भने ।

झाँक्रीको चरित्रका लागि आफूले शारीरिकभन्दा पनि मानसिक तयारी गर्नुपरेको दयाहाङको भनाइ छ । 'पेशा वा ज्ञानले त्यो पात्र झाँक्री हो । तर, व्यक्तिको हिसाबले भने ऊ अरु आम मानिसजस्तै हो । परिवार छ । जिम्मेवारी छ,' उनी अगाडि भन्छन्, 'एक हिसाबले मानसिक रुपमा विक्षिप्त अवस्थासम्म पुग्नुपर्ने चरित्र हो । यसका लागि चाहिँ तयारी गर्नुपर्‍यो । आर्थिक र नैतिक हैसियत । श्रीमती र साथीसँगको सम्बन्धको हिसाबले त्यो त्यति जटिल चरित्र चाहिँ होइन ।'

'कार्साङ'मा दयाहाङको साथीको भूमिकामा रहेका कलाकार जितु नेपाल आफूलाई क्यारेक्टरले लोभ्याएको बताउँछन् । भन्छन्, 'मलाई क्यारेक्टरले लोभ्याएकै हो । मलाई देखिरहेको र गरिरहेको भन्दा फरक क्यारेक्टर गर्न मन लाग्छ । यसमा मैले निभाएको माइला जस्ता पात्र पहिला गाउँमा धेरै थिए । म पनि त्यसरी नै हुर्किएको हुँ । यसैले त्यो पात्र बाँच्न सजिलो नै भयो ।'

फिल्मको पोस्टर सार्वजनिक भएपछि धेरैले जितु शीर्ष भूमिकामा हुनसक्ने अनुमान गरेका थिए । तर, टिजरले दयाहाङ नै केन्द्रीय पात्र रहेको प्रष्ट पार्छ । जितु सहायक भूमिकामा छन् । तर, उनी आफूलाई सहायक र केन्द्रीय भूमिकाले फरक नपार्ने बताउँछन् । भन्छन्, 'कथाअनुसार पात्र तयार हुने हो । र, पात्रमा आफूलाई ढाल्न सहायक र केन्द्रीय भन्ने कुरा महत्त्वपूर्ण रहँदैन । 'कार्साङ' मैले रोल मन परेर गरेको हुँ ।'

'कार्साङ'लाई यम शेर्पाले निर्देशन गरेका हुन् । र, यसमा उनले आफ्नै समुदाय अर्थात् शेर्पा जातिको कथा उठाएका छन् । पहिला आफ्नै समुदायको कथा भन्नुपर्छ भन्ने सोचले फिल्म बनाएको उनको भनाइ छ । 'म यो समुदायको पहिलो निर्देशक हुँ । मैले नै नभने त्यो कथा कसैले भन्दैन भन्ने लाग्यो । यसैले पनि आफ्नै समुदायको कथा उठाएको हुँ,' उनले भने ।

निर्देशक शेर्पा स्वयंको लेखन रहेको फिल्ममा सिर्जना निङलेखु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन र सुरवीर पण्डित लगायतको अभिनय छ । यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्सको संयुक्त प्रस्तुतिमा बनेको फिल्मका निर्माता तथा छायांकार पुरुषोत्तम प्रधान हुन् । सह-निर्मातामा गोविन्द बोहरा छन् भने कार्यकारी निर्मातामा आङछिरिङ शेर्पा रहेका छन् ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१/०९/१६ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

*निवेदन : केशर सिङ थिङ (आफै)* *जग्गावाला : केशर सिं तामाङ (आफैं)*

यसमा जिल्ला मकवानपुर साविक हाँडिखोला गाविस वडा नं. ८ का निम्नानुसारका जग्गा मेरो नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा उक्त जग्गा मैले नै साविक नापीको समयदेखि हालसम्म पनि भोग चलन गर्दै आएकोले मेरै नाममा छुट जग्गा दर्ता गरी पाउँ भनी मनहरी गाउँपालिका-५ नम्बर वडा कार्यालयको च.नं. १०३५ मिति २०८१/०१/०३ को भोगचलन समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार समेत संलग्न राखी यस कार्यालयमा द.नं. ०४४ मिति २०८१/०१/०९ मा माग छुट जग्गा दर्ता गरी पाउँ भनी माग दाबी निवेदन पेश हुने आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित **जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदनका माग दाबी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए** यो सूचना प्रकासित/जारी भएको **मितिले पैंतीस दिनभित्र मालपोल कार्यालय मकवानपुरमा** स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । **अन्यथा निवेदकको माग बमोजिम भइ जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।**

**तपशिल**

| सि.नं. | जग्गावाला | साविक गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | कैफियत/निवेदक | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|
| १ | केसर सिं थिं तामाङ गा.पं. हाडिखोला वडा नं.-८ बाबु- **** बाजे- **** | हाँडिखोल | ८ | ३९५ | केशर सिङ थिङ | जिल्ला मकवानपुर, का.व., ५०८ नं. मौजे-वसन्तपुर, रे.नं. २२३ को जग्गाधनि केसर सिङ थिङ |

*ईति सम्बत् २०८१ साल पौष महिनाको १६ गते रोज ३ शुभम्.......................*

# मकवानपुरतर्फको फाष्टट्र्याक निर्माणमा वैकल्पिक बिजुली दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/नेपाल विद्युत प्राधिकरणले काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्टट्र्याक) अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-८ माण्डु माल्टाबेंसी र इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरी कोगटे क्षेत्रमा पर्ने सडक निर्माणका लागि आवश्यक विद्युत् वैकल्पिक व्यवस्थामार्फत आपूर्ति गर्ने भएको छ ।



विद्युत् अभावमा फास्ट ट्र्याकको निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी जतिसक्दो छिटो विद्युत् आपूर्तिका लागि काम अगाडि बढाइसकेको छ । यो क्षेत्रका बासिन्दाको विद्युत् आपूर्तिमा भने कुनै समस्या छैन । फास्टट्र्याकको माण्डु, माल्टाबेंसी र सिस्नेरी कोगटे क्षेत्रमा पुल, ग्यालरी सुरुङलगायत संरचना निर्माणका लागि आवश्यक विद्युत् अभावमा निर्माण प्रभावित हुन नदिन प्राधिकरणले वैकल्पिक व्यवस्था गरी आपूर्ति गर्न लागेको हो । फास्टट्र्याकलाई करिब १२ मेगावाट विद्युत् आवश्यक पर्नेछ । यसक्षेत्रमा चार प्याकेजमा निर्माणकार्य भइरहेको छ ।

विद्युत आपूर्ति नहुँदा फास्टट्र्याक निर्माणमा समस्या भएको नेपाली सेनाले जानकारी गराएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाललगायत सम्मिलित उच्चस्तरीय टोलीले सोमबार माण्डु माल्टाबेंसी क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो । टोलीले पुनर्निर्माण भइरहेको बागमतीखोला साना जलविद्युत आयोजना र धोर्सिङ सबस्टेसनको भ्रमण गरी तत्काल विद्युत् आपूर्ति गर्न सकिने विभिन्न विकल्पकमा सम्बन्धित पदाधिकारीसँग छलफल गरेको थियो ।

कार्यकारी निर्देशक घिसिङले आयोजना सञ्चालनमा नआएसम्मका लागि धोर्सिङ सबस्टेसनमा पावर ट्रान्सफर्मर थप्ने र धोर्सिङ-माण्डु लाइनलाई ११ केभीमा चार्ज गरी फास्टट्र्याकलाई विद्युत् आपूर्ति दिनु तत्कालका लागि उपयुक्त विकल्प भएको बताए । उपकार्यकारी निर्देशक सिलवालले लाइन पुनर्स्थापनाका लागि स्थानीय रुपमा गर्नुपर्ने आवश्यक काम तत्काल अगाडि बढाउन पालुङ र हेटौंडा वितरण केन्द्र प्रमुखहरुलाई निर्देशन दिएका छन् ।

विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्थाअन्तर्गत कुलेखानी पहिलो जलविद्युत केन्द्र धोर्सिङबाट माण्डुसम्मको पहिले चालू रहेको ६६ केभी लाइनलाई ११ केभीमा सञ्चालनमा ल्याइने भएको छ । काठमाडौंमा जगेडामा रहेको २२ दशमलव ५ एमभिएको पावर ट्रान्सफर्मरलाई धोर्सिङ सबस्टेसनमा लगेर त्यहाँ जडान गरी सोहीमार्फत फास्टट्र्याकका लागि आवश्यक विद्युत् आपूर्ति गरिनेछ । धोर्सिङ सबस्टेसनमा स्थानीयरुपमा विद्युत् आपूर्तिका लागि हाल ५ एमभिए क्षमताको पावर ट्रान्सफर्मर पूर्ण भारमा चालू रहेकाले थप विद्युत् प्रवाह गर्न नसकिने हुँदा अर्को ठूलो क्षमताको ट्रान्सपर्मर थप्न लागिएको हो ।

गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको बाढीपहिरोले माण्डु हाइड्रोपावर लिमिटेडले सञ्चालन गरेको २२ मेगावाटको बागमती खोला साना जलविद्युतको विद्युत गृहलगायतका संरचनामा ठूलो क्षति पुऱ्याई विद्युत उत्पादन बन्द हुँदा त्यसपछि फास्टट्र्याकअन्तर्गत खण्डमा विद्युत आपूर्ति हुन सकिरहेको छैन । बागमती नदीमा आएको बाढीले आयोजनाबाट उत्पादित विद्युत प्रवाह गर्ने स्वीचयार्ड र त्यहाँ प्राधिकरणले राखेको पावर ट्रान्सफर्मरलगायतका उपकरणसमेत बगाएको थियो ।

आयोजनाबाट उत्पादित विद्युत् ६६ केभी प्रसारण लाइनमार्फत धोर्सिङ र ३३ केभी लाइनमार्फत ललितपुरको माल्टा सबस्टेसनतर्फ प्रवाह गरिएको थियो । माल्टा सबस्टेसनबाट ११ केभी लाइनमार्फत फास्टट्र्याकलाई आपूर्ति दिइएको थियो । माल्टा सबस्टेसनमा ललितपुरमै सञ्चालनमा रहेको अर्को २ मेगावाटको खानीखोला जलविद्युत आयोजना पनि जोडिएको थियो । तर, बाढीपहिरोले खानीखोलामा पनि क्षतिपुगेपछि माल्टा सबस्टेसन विद्युत् स्रोतबिहीन बनेको थियो । जसका कारण फास्टट्र्याकको विद्युत् आपूर्ति बन्द भएको हो ।

# अध्यापनका लागि प्रविधिमैत्री शिक्षणसामग्री हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/हेटौंडा उपमहानगरपालिका-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा अध्यापनका लागि शिक्षकलाई प्रविधिमैत्री शिक्षणसामग्री हस्तान्तरण गरिएको छ ।

प्रविधिमैत्री विद्यालय निर्माणको उद्देश्यले शिक्षकलाई प्रविधिमैत्री शिक्षणसामग्री हस्तान्तरण गरिएको हो । आरामाविमा तीन हजार विद्यार्थी अध्ययन गर्दै आएका छन् । विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर विद्यालयमा अध्यापन गराउने ७० जना शिक्षकलाई प्रविधिमैत्री शिक्षणसामग्री प्रदान गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समिम खान र विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंले संयुक्तरुपमा स्थायी, राहत दरबन्दी र निजीस्रोतका शिक्षकलाई भ्वाइस एम्प्लीफायर, हेडफोन, स्पीकर हस्तान्तरण गरेका छन् ।

कक्षामा विद्यार्थीको संख्या धेरै भएकाले शिक्षकको आवाज हरेक विद्यार्थीसम्म सहज पुगोस् भन्ने उद्देश्यले प्रविधि हस्तान्तरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खानले बताए । निरन्तर अध्यापन गराइरहँदा घाँटीमा समस्या आउने र बेलाबेलामा आवाजसमेत बन्द हुने गरेकाले विद्यालयले परिवारले उपलब्ध गराएको प्रविधिमैत्री शिक्षणसामग्री महत्वपूर्ण भएको विद्यालयका शिक्षक कृष्णगोपाल श्रेष्ठले बताए । यसअघि पनि ५५ जना शिक्षकलाई अध्यापन गराउन प्रतिव्यक्ति करिब ५० हजार मूल्य बराबरको ल्यापटप हस्तान्तरण गरिएको थियो ।

नेपाली र अंग्रेजी दुवै माध्यममा अध्यापन हुने यस सामुदायिक विद्यालयमा 'ए' देखि 'एच' सम्म ८ वटा सेक्सन छ । विगत दुई दशकदेखि जिल्ला प्रथम हुँदै आएको जिल्लाकै उत्कृष्ट र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको उत्कृष्ट सामुदायिक विद्यालयमध्ये एक रहेको यस विद्यालयमा मकवानपुरसहित तराईका सर्लाही, बारा, पर्सा, रौतहटलगायतका जिल्लाका विद्यार्थी यहाँ अध्ययन गर्दै आएका छन् ।

निजी विद्यालयको तुलनामा यस सामुदायिक विद्यालयमा अभिभावकको विश्वास र विद्यार्थीको आकर्षणको केन्द्र बनेको छ ।

# सहकारीद्वारा उत्पादित वस्तुको प्रदर्शनी मेला सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको आयोजनामा हेटौंडामा तीनदिने प्रदर्शनी तथा मेला सुरु भएको छ । मंगलबार प्रदर्शनी तथा मेलाको उद्घाटन गर्दै बागमती प्रदेशका कृषि तथा पशुपन्क्षी विकास मन्त्री प्रकाश श्रेष्ठले प्रदेशभित्र कार्यक्षेत्र रहेका सहकारीलाई नियमन र व्यवस्थित गर्दै अर्थतन्त्रको तीनखम्बे नीतिअनुरुप सहकारीलाई थप व्यवस्थित गरी लैजाने बताए ।




उनले सहकारी आन्दोलनले मात्रै उत्पादन र बजारलाई व्यवस्थापन गर्दै अर्थतन्त्र बलियो बनाउन सक्ने विश्वास व्यक्त गरे । कार्यक्रममा बोल्दै बागमति प्रदेशकी उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङले देशको आर्थिक संवृद्धिमा सहकारीको भूमिका महत्वपूर्ण रहेको बताए । १८ गतेसम्म सञ्चालन हुने प्रदर्शनीमा सहकारी तथा सहकारीका शेयर सदस्यद्वारा उत्पादित बस्तु बिक्री वितरणका लागि राखिएको छ । संस्थाको नवनिर्मित भवनमा जारी प्रदर्शनीमा हस्तकला, खाद्यसामग्री, ताजा तरकारीलगायत ४० वटा स्टल रहेको संस्थाकी अध्यक्ष कल्पना श्रेष्ठले बताइन् ।

जिल्ला बचतमा १ सय ३५ सहकारी आवद्ध रहेका छन् । संघका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघका सदस्य बद्रीप्रसाद लम्साल, हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, बागमती प्रदेश साकोसका अध्यक्ष उद्धव सापकोटा, प्रदेश सहकारी रजिष्ट्रार कुमार तामाङ, उद्योग तथा वाणिज्य कार्यालय प्रमुख रामप्रसाद भुषाल, हेटौंडा उपमहानगरका उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

# सवारीसाधनको झल्लर र स्टिकर हटाउँदै प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा,१६ पुस/दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले बागमती प्रदेशको १० जिल्लामा झल्लर र स्टिकर हटाउन थालेको छ । अभियान नै सुरु गरेर प्रदेशभित्र चल्ने ठुला साना सवारीमा जडान गरिएको फोकस लाइट, झल्लर र स्टिकर हटाउन थालिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय चितवनले जनाएको छ ।

धादिङ, चितवन, काभ्रे, मकवानपुर, रामेछाप, सिन्धुली, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक र रसुवामा चल्ने ७ सय ३२ वटा सवारी साधनको झल्लर, स्टिकर र फोकस लाइट ट्राफिक प्रहरीले हटाएको छ । पुस १३ बाट सुरु गरिएको यो अभियान निरन्तर सञ्चालन हुने राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय चितवनका एसपी नरेश सुवेदीले बताए ।

उनले भने, 'सवारी साधनमा अनावश्यकरुपमा लगाइएको स्टिकर, झल्लर र फोकस लाइटको कारण दुर्घटनाको जोखिम बढ्ने हुनाले हटाउन लगाइएको हो ।' ध्वनि प्रदूषण गर्ने प्रेसर हर्न पनि ट्राफिक प्रहरीले हटाएको छ । गाडी कम्पनीले जडान गरेको भन्दा चालकले थप फोकस लाइट जडान गरेर चलाउँदा विपरीत दिशाबाट आउने सवारी साधन चलाउन असहज हुने र दुर्घटनाको जोखिम हुने ट्राफिक प्रहरी अधिकृतहरु बताउँछन् ।

# मानवअधिकार अवस्था विषयक मिडिया साझेदारी बैठक



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/बागमती प्रदेशको राजधानी हेटौंडामा मानवअधिकार अवस्था विषयक मिडिया साझेदारी बैठक सम्पन्न भएको छ । बैठक मंगलबार अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) बागमती प्रदेशको आयोजनामा भएको हो ।

नेपाल पत्रकार महासंघ मकवानपुरको सहकार्यमा बसेको बैठकमा सहभागी सिविन बालहेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले अहिलेको अवस्थमा जतिपनि जघन्य अपराध भएका छन् ती सबै घटनामा प्राय:जसो बालबालिकाकै संलग्नता रहेको बताए । देशभर ८ वटा बालसुधारगृह रहेको जानकारी गराउँदै सबै बालसुधार गृहमा रहेका बालबालिका आफैं अपराधि र आफैं पीडित रहेको पाइएको उनले बताए ।

यस्तै, जिल्ला बार एशोसियसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतले बालअपराध बढ्नुको मुख्य कारण सम्बन्ध विच्छेद पनि रहेको बताइन् । उनले बाबु-आमा छुट्टिएर बस्दा बालबालिका मानसिक असर पर्ने भन्दै अभिभावककै कारण पनि बालबालिकाले अपराधजन्य घटना घटाउन सक्ने बताइन् । यस्तै, बैठकमा बाटो नै बन्द गरेर विभिन्न मेला-महोत्सवको आयोजना गर्दा सर्वसाधारणलाई पर्न गएको असर, ग्रामीण क्षेत्रमा बत्तीको समस्या, बन्यजन्तुको आक्रमणबाट हुने गरेको मानवीय तथा भौतिक क्षति लगायतको बारेमा छलफल गरिएको थियो ।

इन्सेक बागमती प्रदेशका संयोजक गणेश भण्डारीको सभाध्यक्षतामा बसेको साझेदारी बैठकमा नेपाल पत्रकार महासंघ बागमतीका अध्यक्ष कृष्ण सारुमगर, प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईं, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, न्यानो आँगन नेपाल, इन्सेक मकवानपुर लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि र संचारकर्मीको सहभागिता रहेको थियो ।

# बढ्यो पेट्रोल र डिजेलको मूल्य

काठमाडौं, १६ पुस/नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य बढाएको छ । निगमको सञ्चालक समितिले मंगलबार राति १२ बजेबाट लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्य बढाएको हो ।

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ र डिजेलमा २ रुपैयाँले मूल्य बढाइएको छ । त्यस्तै, हवाई इन्धन आन्तरिकतर्फ २ रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ १५ रुपैयाँले मूल्य घटाइएको छ । नयाँ मूल्यअनुसार पेट्रोलको मूल्य अब काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा लिटरको १६३ रुपैयाँ पर्छ ।

सुर्खेत र दाङ क्षेत्रमा १६२ र अरु क्षेत्रमा १६० रुपैयाँ ५० पैसा पर्नेछ । यस्तै डिजेलको मूल्य काठमाडौं र दिपायल क्षेत्रमा लिटरको १५३ रुपैयाँ पर्नेछ । सुर्खेत र दाङ क्षेत्रमा १५२ रुपैयाँ र अरु क्षेत्रमा १५० रुपैयाँ ५० पैसा पर्नेछ ।

# २२ दिनदेखि कार्यालय छिर्न पाएनन् त्रिवि केन्द्रीय क्याम्पसका प्रिन्सिपल

काठमाडौं, १६ पुस/विद्यार्थीले प्रवेशमा रोक लगाएपछि त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पसका प्रिन्सिपल ध्यानेन्द्र राई २२ दिनदेखि कार्यालयमा जान पाएका छैनन् । माओवादी, नेकपा एस लगायतका विद्यार्थी संगठनले प्रिन्सिपल कार्यालयमा तालासहित प्रवेशमा रोक लगाएपछि राई कार्यकक्षमा जान नपाएका हुन् ।

'कार्यालयमा जान पाएको छैन । एक चरणको वार्ता भएको छ । सहमति भएको छैन,' प्रिन्सिपल राईले भने । त्रिवि मैदानमा भएको क्रिकेट प्रतियोगिताको पार्किङ शुल्कको विषयलाई लिएर विद्यार्थीहरूले गत मंसिर २५ मा ताला लगाएका हुन् । ताला लगाउनेमा अखिल क्रान्तिकारी, अनेरास्ववियु, अखिल छैटौं, अखिल समाजवादी, नेपाल समाजवादी विद्यार्थी युनियन छन् ।




एनपीएल प्रतियोगिताको पहिलो दिन स्ववियुका पदाधिकारीको संलग्नतामा पार्किङ शुल्क उठाएको आरोप आन्दोलनरत विद्यार्थीहरूको छ । त्यसैले छानविनको माग राखेर विद्यार्थीहरूले ताला लगाएका हुन् । विद्यार्थीले प्रिन्सिपल कार्यालयसँगै स्ववियूको कार्यालय र रजिस्ट्रार कार्यालय अन्तर्गतको सामान्य प्रशासन महाशाखामा पनि ताला लगाएका छन् ।

Reg No. : 2/145(131)056/057 Pan : 301498021 बचत गरौं ,ढुक्कले बाचौं

सुचना । सुचना ॥ सुचना ॥।

यस संस्थाको २५ औं बार्षिक साधारण सभा तपशिल मिति समय र स्थानमा हुने भएकाले उक्त साधारणसभामा यहाँहरूको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गर्दछौं ।

तपशिल : साधारणसभामा परिचय पत्र सहित स्वयम् शेयर सदस्य उपस्थित हुनुपर्ने छ ।

मिति : २०८१ पौष २० गते शनिवार
समय : बिहान १० बजेदेखी
स्थान : श्री नवज्योती मा.बी.को प्राङगढ हेटौंडा ७ नागस्वती

बचत गरौ ढुक्कले बाचौ ।
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि
Hetauda Saving & Credit Co-Operative Ltd

सेवा केन्द्र | कमाने ०५७ ४१२४३५ | चिसापानी ०५७ ५३०५३८ | हेटौंडा बजार ०५७ ५१४३६
Gmail : Hetauda.saving@gmail.com | मुख्य कार्यालय : हेटौंडा ७ नागस्वती ०५७ ५३०४३६ ,५३०५३६

## १६ वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**
मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**
१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा

## परिचय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस परिचय बचत तथा ऋण सहकारी सस्था लि.को मिति २०८१/०८/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १५ औं वार्षिक साधारणसभा तथा ५औं अधिवेशन तपसिलको मिति, स्थान र समयमा हुने भएकाले अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**प्रस्तावहरू**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. आ.ब. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०८१/०८२ को लेखापरीक्षण गर्ने लेखा परीक्षक नियुक्ति र निजीको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले हालसम्म गरेको निर्णयलाई अनुमोदन गर्ने ।
५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुबाट प्रतिनिधी चयन गर्ने ।
६. विनियम संशोधन सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा
८. कार्यक्षेत्र र उद्देश्य थप (विस्तार) सम्बन्धमा
९. नीति तथा कार्यविधिहरु पारित सम्बन्धमा
१०. पाँचौं अधिवेशन सम्बन्धनमा
११. विविध सम्बन्धमा

**तपशिल**
मिति : २०८१/०९/२० गते
स्थान : बनस्खण्डी मन्दिरको सभाहल, हेटौंडा-२
समय : बिहान ११:०० बजे

**परिचय बचत तथा सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना